वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २७९ | २०८२ फागुन १५ गते शुक्रबार, नेपाल सम्वत् ११४६ February 27, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## कन्ये च्याउ खेती

तनहुँको ऋषिङ गाउँपालिका-४ भिरकोटका विश्वकर्मा महिला कृषक समुहद्वारा कन्ये च्याउ खेतीमा सहभागि हुँदै । गाउँपालिकाको कृषि शाखाले यहाँका महिलाहरूलाई समुहमा आवद्ध गरी सामुहिक रूपमा सीपमुलक तालिम प्रदान गरेपश्चात २ वटा घर निर्माण गरी ५०० बल कन्ये च्याउ खेती उत्पादन सुरु गरेका छन्।

*तस्विर : भञ्ज्याङ*

# नेपाली राजनीति र महिला सहभागिताको सवाल

**विमला तुम्खेवा**/काठमाडौं

यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनमा महिला नेताहरूको उमेदवारीलाई हेर्ने हो भने नेपाली समाजमा महिलाले गर्नुपर्ने संघर्ष अझै धेरै छ भन्ने स्पष्ट गर्दछ । त्यसो त नेपाली महिलाहरूको राजनीतिक क्षेत्रमा इतिहासदेखि वर्तमानसम्मको अवस्थालाई अवलोकन गर्ने हो भने राजनीतिमा महिलाको योगदान ऐतिहासिक, सङ्घर्षशील र प्रभावशाली रहँदै आएको छ। यति योगदान ठूलो भए पनि त्यसको पहिचान र प्रतिनिधित्व अझै समानुपातिक हुन सकेको छैन । किन हुन सकेन भन्नेतर्फ दल र नेताले गहिरोसँग आत्मालोचना गरेको देखिदैन।

महिलाहरूले राजनीति र हरेक राजनीतिक परिवर्तनको अप्ठ्यारो परिस्थितिमा ऐतिहासिक भूमिका खेल्दै आएको देखिन्छ। विगतलाई फर्केर हेर्दा २००७ सालको प्रजातान्त्रिक आन्दोलनदेखि पञ्चायतविरूद्धको संघर्ष, २०४६ र २०६२/६३ सालको जनआन्दोलनमा महिलाहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुको साथै संगठन विस्तार, सडकदेखि सदनसम्म उल्लेखनीय भूमिका खेल्दै हरेक आन्दोलनदेखि भूमिगत संगठनसम्म महिलाको सक्रियता निर्णायक रह्यो ।

यसले गर्दा यो देशको हरेक उपलब्धि र अवसरमा समान हक छ तर व्यावहारिक रूपमा महिलाको अस्तित्वलाई स्वीकार्न अझै गाह्रो नै छ । नेपालको संविधानले अलि अलि सम्बोधन गरेको छ । समानता र मानव अधिकारलाई संघीय संसद्, प्रदेशसभा र स्थानीय तहमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुलाई राम्रो रूपमा



लिन सकिन्छ । संविधानले महिला अधिकारलाई मौलिक हकको रूपमा स्थापित गर्नुको साथै समानुपातिक समावेशी सिद्धान्त संस्थागत हुनुमा महिला राजनीतिज्ञ, अधिकारकर्मी र आन्दोलनको संयुक्त परिणाम हो। यसले गर्दा नेपालले राज्य संरचनामा राष्ट्रपति, सभामुख/उपसभामुख, मन्त्री, प्रदेश प्रमुख, स्थानीय तहका प्रमुख/उपप्रमुखको रूपमा महिलाको उपस्थिति पाइसकेको छ । यसले शासन प्रणालीलाई नागरिक-मैत्री, पारदर्शी र सामाजिक मुद्दामुखी बनाएको छ।

तर यस पटकको निर्वाचनमा विगतका निर्वाचनको तुलनामा महिलाको उपस्थिति कम हुनुले फेरि पनि महिलाको नेतृत्वसम्बन्धी आवाज उठाउने सामाजिक संघ संस्था, राजनीतिक पार्टीहरू सबैमा नैतिक प्रश्न उठेको छ । पहिला पहिला झैँ महिलासम्बन्धी आवाज उठाउने संस्था सक्रिय नहुनुले पनि महिलाप्रति सकारात्मक वातावरण अलिक कमजोर देखिँदै आएको छ ।

त्यसो त महिला सुरक्षा दबाब समूहलगायतका संस्थाहरूले कम्तीमा संविधानले निर्देश गरेबमोजिम महिलालाई जिताएरै ल्याउनुपर्ने मतलाई जोडदार रूपमा अघि सारेर सबै राजनीतिक दल कहाँ मागपत्र बुझाएको छ। पछिल्लो जेनजी आन्दोलनपछि राजनीतिक पार्टीमा आफूलाई सच्याएर लाने पार्टीमध्ये नेपाली कांग्रेस अग्रपङ्तीमा पर्छ र यो सकारात्मक हो । राजनीतिक दलहरु अझै पनि 'जित्ने क्षमता' लाई पुरूषसँग जोडेर हेर्ने गर्छन्। तर कांग्रेसले पदाधिकारी तहमै तीन महिला ल्याउनु राम्रो सुरूवात हो तर नेपाली समाजको आवश्यकता चाहीँ अबको दिनमा विकास र देशप्रतिको कति जवाफदेही छ भन्ने नै मुख्य हो ।

महिला आफैँ चाहीँ अहिले पनि सबै हिसाबले पार्टीभित्र साँगुरिर बस्नुपरेको अवस्था छ। त्यसकारण पनि अझै महिला नेताहरूप्रति दलको लचिलो रणनीति हुन जरूरी छ। मैदानमा महिला किन कम छन्? यो प्रश्नको जवाफ सबै पार्टीलाई नैतिक रूपमा जान्छ । देशलाई इमान्दार भएर कसले नेतृत्व गर्छ भन्ने नै प्रमुख सवाल हो । त्यसो त अग्रवादी सोचका पार्टी हौं भन्ने धेरै पार्टीहरूले महिलालाई नेता मान्न र नेतृत्व तहमा उभ्याउन हिचकिचाइरहेको अवस्था छ ।

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा महिलाको जनसंख्या पुरूषभन्दा करिब छ लाख ५७ हजारले बढी रहेको स्पष्ट देखाउँछ। तर यही तथ्य निर्वाचन आयोगको

बाँकी अन्तिम पेजमा

# मेरो विकास सामाजिक सञ्जालमा देखिने होइन, व्यवहारमा रुपान्तरण हुने हो: उम्मेदवार भट्टराई

**भञ्ज्याङ समाचारदाता**/देवघाट

नेपाली कांग्रेसका नेता एवं तनहुँ क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार गोविन्द भट्टराईले सामाजिक सञ्जालमा देखाइने विकासको भ्रममा नपर्न मतदाताहरूलाई आग्रह गरेका छन् । बिहीबार देवघाट गाउँपालिकामा आयोजित चुनावी कार्यक्रममा मतदातालाई सम्बोधन गर्दै उनले आकर्षक एजेन्डा र सुन्दर सपना बाँड्ने तर व्यवहारमा काम नगर्ने प्रवृत्तिप्रति मतदाताहरु सचेत हुनुपर्ने बताए ।

तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका भट्टराईले सामाजिक सञ्जालमा प्रचार हुने विकासभन्दा जनताले प्रत्यक्ष अनुभूति गर्ने व्यवहारिक विकास आवश्यक रहेको बताए । आफ्नो विकासको मोडेल फोटो र प्रचारमा सीमित नभई जनजीवनमा परिवर्तन ल्याउने खालको हुने उनको दाबी थियो ।

आफू ग्रासरूटबाट संघर्ष गर्दै अगाडि बढेको नेता भएको उल्लेख गर्दै भट्टराईले पदमा रहँदा वा नरहँदा पनि क्षेत्रको खानेपानी समस्या समाधान, सडक र पुल निर्माणका काममा निरन्तर सक्रिय रहेको बताए । उनले भने, "मलाई जिताएर पठाउनुस्, यस क्षेत्रको



समग्र विकासको जिम्मा म लिन्छु।"

विशेषगरी धार्मिक पर्यटनको विकासलाई प्राथमिकतामा राख्दै भट्टराईले देवघाट धामलाई केन्द्रमा राखेर व्यापक धार्मिक पर्यटन विकास गर्ने योजना सुनाए। साथै छिम्केश्वरी मन्दिर, व्यास-पराशर जन्मभूमि, आँधीमूल, थानीमाई मन्दिर तथा भानुभक्त आचार्यको जन्मस्थललाई जोडेर तनहुँलाई

बाँकी तेश्रो पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## घोषणापत्रका अर्थनीति

आसन्न प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमार्फत आर्थिक सुधार र समृद्धिको महत्वाकांक्षी लक्ष्य सार्वजनिक गरेका छन्। मुलुकको अर्थतन्त्र पछिल्ला वर्षहरूमा सुस्त वृद्धि, लगानी अभाव, बढ्दो बेरोजगारी र आयातमुखी संरचनाको समस्याबाट गुज्रिरहेको सन्दर्भमा दलहरूले अर्थतन्त्रको सुधारलाई मुख्य एजेन्डा बनाउनु सकारात्मक पक्ष हो। तर घोषणापत्रमा प्रस्तुत योजनाहरु व्यवहारमा कार्यान्वयन हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न अझै पनि जनताका लागि महत्वपूर्ण बनेको छ । प्रमुख दलहरूको घोषणापत्र हेर्दा सबैको साझा लक्ष्य आर्थिक विकास र समृद्धि नै देखिन्छ। तर त्यसलाई हासिल गर्ने उपाय, प्राथमिकता र कार्यशैलीमा भने फरक–फरक दृष्टिकोण प्रस्तुत भएका छन्। नेपाली कांग्रेस ले आगामी पाँच वर्षलाई आर्थिक पुनरूत्थानको अर्धदशकका रूपमा अघि सार्दै निजी क्षेत्रलाई आर्थिक विकासको मुख्य आधार मान्ने नीति लिएको छ। राज्यको भूमिका सहजकर्ता र नियामकमा सीमित गर्दै लगानी विस्तारमार्फत अर्थतन्त्रको आकार उल्लेखनीय रूपमा बढाउने लक्ष्य कांग्रेसले राखेको छ। यसले नेपालको अर्थतन्त्रलाई उदार र लगानीमैत्री बनाउने प्रयास झल्काउँछ। उद्योग सञ्चालनका झन्झट हटाउने, कर प्रणाली स्थिर बनाउने तथा डिजिटल प्रशासन लागू गर्ने योजना व्यवहारिक देखिन्छ। तर विगतमा पनि यस्ता प्रतिबद्धता बारम्बार दोहोरिएका भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको अनुभव जनतामा छ। त्यसैले घोषणापत्रभन्दा कार्यान्वयन महत्वपूर्ण हुने देखिन्छ।

त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले उत्पादनमुखी अर्थतन्त्र र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको छ। कृषिको आधुनिकीकरण, औद्योगिकीकरण र ऊर्जा उत्पादन विस्तारमार्फत उच्च आर्थिक वृद्धि हासिल गर्ने एमालेको लक्ष्य छ। सार्वजनिक लगानीलाई गुणक प्रभाव पर्ने क्षेत्रमा केन्द्रित गर्ने योजना सकारात्मक देखिन्छ । एमालेको योजना उत्पादन र पूर्वाधारमा केन्द्रित भए पनि यसको सफलताका लागि सुशासन र कार्यान्वयन क्षमता आवश्यक हुन्छ। ठूला आयोजना निर्माणमा ढिलाइ, लागत वृद्धि र कमजोर व्यवस्थापनका कारण विगतमा राज्यले धेरै क्षति व्यहोरेको अनुभव छ। त्यसैले योजनाभन्दा पनि कार्यान्वयन प्रणाली सुधार अपरिहार्य छ। समाजवादोन्मुख अर्थतन्त्रको अवधारणालाई जोड दिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले संरचनागत आर्थिक सुधारको नयाँ चरण सुरू गर्ने लक्ष्य राखेको छ। उत्पादन वृद्धि, रोजगारी सिर्जना, आत्मनिर्भरता र सामाजिक न्यायलाई केन्द्रमा राखिएको यस योजनाले सन्तुलित विकासको अवधारणा प्रस्तुत गरेको छ । नेकपाले कृषि, उद्योग, ऊर्जा र डिजिटल अर्थतन्त्रलाई प्राथमिकतामा राखेको छ भने व्यापार घाटा घटाउने र स्वदेशी उत्पादन बढाउने नीति अघि सारेको छ। आत्मनिर्भर अर्थतन्त्रको अवधारणा आकर्षक भए पनि नेपालजस्तो खुला अर्थतन्त्रमा यसको व्यवहारिकता चुनौतीपूर्ण देखिन्छ। आत्मनिर्भरता र खुलापनबीच सन्तुलन कायम गर्नु नै मुख्य चुनौती हुनेछ। अर्कोतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले आर्थिक सुधारलाई सुशासन र प्रणालीगत सुधारसँग जोडेको छ। झन्झटिला कानुन हटाउने, उत्पादन लागत घटाउने र लगानीमैत्री वातावरण बनाउने नीति प्रस्तुत गरिएको छ। विकासको मापन आय वृद्धिमा मात्र सीमित नराखी रोजगारी, सामाजिक समानता र वातावरणीय सन्तुलनलाई समेत समेट्ने दृष्टिकोण उल्लेखनीय छ । रास्वपाको घोषणापत्रले प्रशासनिक सुधार र पारदर्शितामा जोड दिएको देखिन्छ। तर नयाँ राजनीतिक शक्तिका रूपमा यसले आफ्नो दृष्टिकोण व्यवहारमा कसरी लागू गर्छ भन्ने विषय अझै परीक्षणकै चरणमा छ। सबै दलका घोषणापत्रको विश्लेषण गर्दा केही साझा विषय स्पष्ट देखिन्छन्। आर्थिक वृद्धि बढाउने, रोजगारी सिर्जना गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, लगानी विस्तार गर्ने र पूर्वाधार विकास गर्ने विषय सबै दलका साझा एजेन्डा बनेका छन्। यसले मुलुकको आर्थिक समस्या पहिचानमा दलहरूबीच धेरै मतभेद नरहेको संकेत गर्दछ।

तर नेपालमा समस्या घोषणापत्रको अभाव होइन, कार्यान्वयनको कमजोरी हो। विगतका निर्वाचनहरूमा पनि आर्थिक विकासका महत्वाकांक्षी योजनाहरु सार्वजनिक भएका थिए। तर राजनीतिक अस्थिरता, कमजोर प्रशासन, भ्रष्टाचार र नीतिगत असंगतिका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेन । अर्थतन्त्र सुधारका लागि सबैभन्दा आवश्यक कुरा नीति निरन्तरता र राजनीतिक स्थिरता हो। सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने प्रवृत्ति अन्त्य नभएसम्म दीर्घकालीन आर्थिक योजना सफल हुन सक्दैनन्। लगानीकर्तालाई विश्वास दिलाउने वातावरण निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । त्यस्तै उत्पादनमुखी अर्थतन्त्र निर्माण नगरी आर्थिक समृद्धि सम्भव छैन। आयातमा निर्भर अर्थतन्त्रलाई क्रमशः उत्पादन र निर्याततर्फ उन्मुख बनाउनुपर्ने आवश्यकता सबै दलले स्वीकार गरे पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । रोजगारी सिर्जना अर्को महत्वपूर्ण चुनौती हो। लाखौं नेपाली युवाहरु विदेशिन बाध्य भइरहेका बेला स्वदेशमै अवसर सिर्जना गर्न नसकेसम्म कुनै पनि आर्थिक योजना सफल मान्न सकिँदैन । घोषणापत्रहरूले आशा जगाएका छन्, तर जनताको विश्वास जित्ने आधार व्यवहारिक उपलब्धि मात्र हुन सक्छ। निर्वाचनपछि पनि दलहरूले आफ्ना प्रतिबद्धतालाई इमानदारीपूर्वक कार्यान्वयन गरे मात्र आर्थिक सुधार सम्भव हुनेछ। अन्ततः मुलुकलाई आवश्यक केवल आकर्षक घोषणापत्र होइन, प्रतिबद्ध नेतृत्व र प्रभावकारी कार्यान्वयन हो। आर्थिक समृद्धि नाराले होइन, नीतिको निरन्तरता, सुशासन र उत्पादनशील श्रमबाट मात्र सम्भव हुन्छ। निर्वाचनले यस्ता नीतिलाई कार्यान्वयन गर्ने नेतृत्व चयन गर्न सकोस् भन्ने अपेक्षा गर्न सकिन्छ ।

# अझै प्रश्न आउन छाडेको छैन- मतदाता सूचीमा नाम कसरी हेर्ने ?

◆ प्रकाश सिलवाल

“मतदाता सूचीमा नाम कहाँ हेर्ने होला?” निर्वाचन आयोगको कार्यालय, कान्तिपथको मूल ढोकाबाट सुरक्षा जाँच गरेर भित्र छिरेपछि क्यान्टिनमा चिया खाइरहेका कर्मचारीलाई एक मतदाताले सोधे । अन्दाजी ५० वर्षीय ती पुरूषले आफ्नो परिचय नदिइ जिज्ञाशा राखेपछि त्यहाँका कर्मचारीहरूले ‘आफ्नै मोबाइलमा हेर्न सकिन्छ नि’ भन्ने जवाफ दिए । ती मतदाताले मोबालइमा हेर्न अप्ठ्यारो भएको र यहीँ आएर हेर्न चाहेको बताएपछि उनलाई आयोगको सूचना प्रविधि प्रणाली सञ्चालन गर्ने शाखामा पठाइयो ।

मतदाता सूचीमा आफ्नो नाम र मतदान स्थलसहितको ठेगाना आफ्नै आँखाले कम्प्युटरमा हेरेपछि उनी ढुक्कले ‘अब मत हाल्न पाइने भइयो’ भन्दै बहादुर भवन परिसरबाट फर्किए । उनको घर परिवारमा नयाँ पुस्ताका सदस्यहरू नभएकाले पनि सूचना प्रविधिमा मोबाइलबाट अभ्यस्त हुन नसकेका रहेछन्। उनलाई आयोगका कर्मचारीले ‘निर्वाचनसम्बन्त्रधी यस्ता विषयमा जिज्ञासा भएमा कार्यालयमा धाइरहनु पर्दैन, पैसा नलाग्ने ‘कल सेन्टर’ मा सिधै फोन गरेर पनि जवाफ वा समाधान पाउन सकिन्छ’ भनेर सम्झाएका थिए ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले विगतमा झैँ ‘कल सेन्टर’ सञ्चालनमा ल्याएको छ । आयोगले पैसा नलाग्ने टोल फ्रि नम्बर ११०२ मा कल गरेर पनि मतदाता परिचयपत्र, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता र अन्य विषयमा सोधपुछ गर्न सकिने प्रबन्ध गरेको छ । आयोगका कल सेन्टरका संयोजक एवं उपसचिव सपना भट्टराईका अनुसार उक्त सेन्टरमा कम्प्युटर अधिकृत, नेपाल टेलिकमका दुई प्राविधिकसहित हाल नौ जना कार्यरत छन् । हरेक दिन बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म यस सेन्टरमा आउने फोनहरू उठाएर समस्याको समाधान र आवशयक जवाफ दिइने बताउनुभयो ।

उहाँका अनुसार दैनिक ७० देखि २०० सम्म कल आउने गरेका छन् । “धेरै प्रश्नको समाधान त हामीले नै गर्छौ । नसक्ने खालका भएमा सम्बन्धित शाखा वा व्यक्तिकोमा फरवार्ड गर्छौं ।”, संयोजक भट्टराईले रासससँग भन्नुभयो । आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार ‘कल सेन्टर’ मा ‘मतदाता परिचयपत्र बनाउन के गर्नुपर्छ? यस निर्वाचन अगाडि मतदाता नामावलीमा नाम समावेश गराई मतदानमा सहभागी हुन सकिन्छ कि सकिँदैन ?’ भन्ने जिज्ञाशा पनि आउने गर्छ। यस्तो जिज्ञासामा “नागरिकता समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयमा मतदाता नामावली नाम दर्ता गराएपछि मतदाता परिचयपत्र बन्ने गरेको छ । आवेदकको फोटो, औँठा छाप जस्ता जैविक विवरण सङ्कलन गरी मतदाता नामावलीमा नाम दर्ता हुन्छ । निर्वाचन नजिक आइसकेकाले हाललाई मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिकको कार्य कानुनमा भएको व्यवस्था अनुसार निर्वाचन अवधिभर स्थगित गरिएको छ” भन्ने जवाफ दिने गरिएको छ।

यस्तै ‘आफ्नो स्थायी ठेगानाको जिल्लाभन्दा बाहिरको जिल्लाबाट मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्छ कि मिल्दैन?’, ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा के कस्तो सजाय हुने व्यवस्था गरिएको छ?’ निर्वाचनपछि नामावली दर्ता र अध्यावधिकको कार्य खुल्ला हुन्छ भने निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा कारबाहीका व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ मा गरिएको छ ।

आचारसंहिताको दफा ४८ मा बमोजिम आचारसंहिता उल्लङ्घन भएमा रू एक लाखसम्म जरिवाना हुने, उम्मेदवारी रद्द गर्न सकिने, आचारसंहिता विपरीत कुनै प्रकारले आर्थिक सहयोग लिएमा त्यस्तो सहयोग लिने राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्ने र त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने भनिएको छ ।

प्रचलित कानुन बमोजिम निर्वाचन कसुर मानिने कार्य भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुनेछ । ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइएमा कहाँ उजुरी दिने भन्ने प्रश्न पनि आयोगमा आउने गर्छ ।’ त्यस्तो पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, अनुगमन टोली वा अनुगमन अधिकृतसमक्ष तोकिएको ढाँचामा उजुरी दिन सक्ने व्यवस्था गरिएको छ । यसरी उजुरी दिँदा आधार, कारण र सोसम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नुपर्ने छ। ‘निर्वाचनको दिन विदेशी पर्यटकको आवागमनलाई आयोगले के व्यवस्था गरेको ? अन्तर्राष्ट्रिय उडान र स्थल मार्गमा आवागमनमा रोकावट हुन्छ कि हुँदैन ?’ भन्ने प्रश्न पनि आयोगको ‘कल सेन्टर’ ले सुनेको प्रश्न हो ।

यसको जवाफमा “निर्वाचनको दिन कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय हवाई उडान नरोकिने र राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि,२०८२ निर्माण गरिएको भनिएको छ । जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौँमा निर्वाचन आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनको लागि सवारीसाधन सञ्चालन गर्न सकिने तथा अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारीसाधन अनुमित नलिइ प्रयोग गर्न पाईँदैन ।” दिइने गरिएको छ ।




यसैगरी निर्वाचनमा भाग लिएका उम्मेदवार/दलले स्वच्छता र खर्चको पारदर्शीताका लागि बेग्लै बैंक खाता सञ्चालन गर्नुपर्ने, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, मत बदरको अवस्था, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, सामाजिक सञ्जालको सामग्रीको व्यवस्थान आदिबारे पनि कल सेन्टरमा जिज्ञाशा आउने गरेको छ । कानुनी व्यवस्थानुसार मत मदर हुने अवस्थाहरू स्पष्ट गरिएका छन् । सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा, निर्वाचन आयोगले राखेको मसी र स्वस्तिक चिन्हबाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरेमा वा औँठा छापबाट मत सङ्केत गरेमा, मतपत्रमा सङ्केत चिन्ह नबुझिने गरी लत्पतिएको वा मतपत्र च्यातिएमा, उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरेमा, निर्वाचित गर्नुपर्ने सिट सङ्ख्याभन्दा बढी उम्मेदवारलाई मत सङ्केत गरेमा, एकभन्दा बढी निर्वाचन चिन्हमा मत सङ्केत गरेमा, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको मतपत्र, कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरेमा, आयोगद्वावार निर्धारित मतपत्र बाहेक अन्यद्वारा मतदान गरेको पाइएमा, मतपेटिका भन्दा बाहिर राखिएको मतपत्रको मत, जाली मतपत्र वा आयोगले बदर हुने भनी तोकेको मतपत्र पाइएमा मत बदर हुन्छ ।

आयोगले ट्रेड युनियनका पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनुपर्छ र सो शब्दले कार्य समितिको सदस्यलाईसमेत जनाउँछ र ट्रेड युनियन यही ऐनबाट वैधानिक अस्तित्व प्राप्त गरी क्रियाशील हुने हुँदा यही परिभाषा अनुसारको अर्थलाई मनन गर्नुपर्ने हुन्छ भन्ने जवाफ दिने गरेको छ।' सामाजिक सञ्जालमा बग्रेल्ती रूपमा आउने

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा नयाँ जिम्मेवारी आउन सक्छ। सहकर्मीको सहयोग मिल्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ।

**वृष**
धैर्य र संयम अपनाउनुपर्ने दिन छ। सानो लगानीबाट फाइदा मिल्न सक्छ। पारिवारिक भेटघाट हुन्छ ।

**मिथुन**
रचनात्मक कार्यमा सफलता मिल्नेछ। व्यापारमा नयाँ योजना अघि बढाउँदा फाइदा हुने देखिन्छ ।

**कर्कट**
काममा ढिलाइ हुन सक्छ तर अन्ततः सफलता मिल्नेछ। परिवारको साथ र सहयोगले मनोबल बढ्नेछ।

**सिंह**
नेतृत्वदायी भूमिका निभाउने अवसर मिल्नेछ। सामाजिक क्षेत्रमा मान–सम्मान बढ्नेछ। आर्थिक लाभको योग छ।

**कन्या**
नयाँ सीप सिक्ने अवसर मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ। रोकिएका काम अघि बढ्नेछन्।

**तुला**
साझेदारी कार्यमा सावधानी अपनाउनु पर्छ। प्रेम सम्बन्ध प्रगाढ बन्नेछ। सानातिना विवादमा पर्न सकिन्छ ।

**वृश्चिक**
परिश्रमअनुसार उपलब्धि प्राप्त हुनेछ। जागिरमा पदोन्नतिका साथै नयाँ जिम्मेवारी प्राप्त हुन्छ ।

**धनु**
टाढाको यात्राबाट लाभ मिल्न सक्छ। आर्थिक अवस्था सुदृढ बन्ने संकेत छ। साथीको सहयोग प्राप्त हुनेछ।

**मकर**
दीर्घकालीन योजनामा लगानी गर्दा फाइदा मिल्नेछ। स्वास्थ्य सामान्य रहनेछ। यात्राको सम्भावना छ ।

**कुम्भ**
नयाँ अवसर प्राप्त हुन सक्छ। वैदेशिक सम्बन्धबाट लाभ मिल्नेछ। प्रेम जीवनमा खुशी छाउनेछ।

**मीन**
कला र साहित्य क्षेत्रमा रूचि बढ्नेछ। व्यापारमा लाभको संकेत छ। अध्ययनमा प्रगति हुनेछ ।

# नेपाली राजनीति ............

मतदाता सूचीमा पुग्दा उल्टो चित्र देखिन्छ महिला मतदाताको संख्या पुरूषभन्दा चार लाखभन्दा बढीले कम छ । यही अन्तरले केबल मतदाता सूचीको प्राविधिक कमजोरी मात्र होइन, महिलाको राजनीतिक पहुँच, सहभागिता र प्रतिनिधित्वमा रहेको संरचनागत असमानता उजागर गर्छ । मतदाता सूचीमा महिलाको नाम दर्ता कम हुनु आफैँमा ठूलो समस्या हो तर किन यस्तो भइरहेछ भन्ने पछाडि पक्षलाई बुझ्दा नागरिकता लिन ढिलाइ, बसाइँसराइ, वैवाहिक नाम परिवर्तन, घरधन्दाको चाप, तथा राजनीतिक प्रक्रियाप्रति निराशाले महिलालाई मतदाता प्रक्रियाबाट टाढा राखेको देखिन्छ।

जब निर्वाचन आउँछ तबमात्र यस विषयमा केन्द्रीत भएर गरिने जनचेतनामूलक कार्यक्रम वास्तवमा प्रभावहीन रहन्छन् । त्यसकारण पनि सन्दर्भमा आसन्न निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत महिला उम्मेदवारको सङ्ख्या न्यून हुनु कुनै संयोग होइन, यो लामो समयदेखि संस्थागत हुँदै आएको राजनीतिक प्रवृत्ति र पितृसत्तात्मक सोचको परिणाम हो । त्यसो त महिला उम्मेदवार किन कम छन्? अथवा महिलाहरू नेतृत्व लिन सक्षम नै छैनन् तर त्यस्तो होइन। विगत र अहिलेसम्मको यात्राले महिला सचेत अवस्थामा आइसकेका छन् भन्ने तथ्य विर्सनु हुन्न ।

दक्षिण एसीयाली मुलुकमा राजनीतिमा महिलाको उपस्थितिलाई हेर्ने हो भने हामी कहाँ संविधानले बलियो समावेशी व्यवस्था गरेकै कारण स्थानीय तहमा महिलाको उपस्थिति उल्लेख्य छ तर कार्यकारी निर्णायक भूमिकामा अझै कम छन्। सार्क तहमा हेर्दा भारतमा स्थानीय तहमा आरक्षणले सहभागिता बढे तापनि संसद्मा महिला प्रतिनिधित्व अझै कम छ ।

बङ्गलादेशमा शीर्ष नेतृत्वमा महिला देखिए पनि पार्टी–तहमा आन्तरिक लोकतन्त्र कमजोर छ। पाकिस्तानमा आरक्षण छ, तर सुरक्षा र सांस्कृतिक अवरोधको कारण महिलाको वाकस्वतन्त्रता नै जोखिमपूर्ण छ । श्रीलङ्काले महिला नेतृत्व पायो तर फेरि पनि प्रतिनिधित्व न्यून छ । अफगानिस्तानमा महिलाको राजनीतिक अधिकार लगभग निष्क्रिय छ । नेपालको सन्दर्भमा हजार अवरोध र कठिनाइबीच पनि महिला राजनीतिक क्षेत्रमा यतिको टिकेर रहनुलाई सकारात्मक रूपमा लिन सकिन्छ । समानुपातिक सुचीमा महिलालाई राखेर "कोटा पूरा" गर्ने प्रवृति र प्रत्यक्ष निर्वाचनमा टिकट दिंदा महिलाले हार्छ भन्ने मानसिकता यो दुवै सम्मुनत लोकतन्त्रको बाधा हो ।

निर्वाचन खर्चिलो हुनु पनि महिलाहरूको आर्थिक पहुँच कमजोर हुनु, पारिवारिक दायित्व, समाजको आलोचनात्मक दृष्टि र चरित्र हत्या हुने डरले धेरै सक्षम महिला उम्मेदवारीबाटै पछाडि हट्न बाध्यकारी जस्तै अवस्था हुनुले पनि महिला नेतृत्व तहमा पछाडि परेका हुन् । हामी कहाँ अहिलेसम्म पनि राजनीतिक दलहरुले महिलालाई अन्तिम समयमा मात्रै 'उम्मेदवार' बनाउँछन् । परिणामतः महिलालाई जित्न गाह्रो हुन्छ । संख्यात्मक रूपमा महिला उम्मेदवार कम छन्, भएकालाई कसरी जिताउन सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक छ । भएका महिला उम्मेदवारलाई कमजोर देखाउने होइन, सङ्गठन, कार्यकर्ता र स्रोतसाधन पूर्णरूपमा परिचालन गरेर भए पनि जित्ने वातावरण दलहरूले नै बनाउनुपर्छ । महिला मतदातामाथि लक्षित अभियान महिला उम्मेदवारलाई जिताउन महिला मतदाताको सक्रियता अनिवार्य छ। महिलाको मुद्दा, दृष्टिकोण र नेतृत्व क्षमतालाई प्रचारको केन्द्रमा राख्नुपर्छ ।

सबै पार्टीहरूले समुन्नत समाजको परिकल्पना गर्दैगर्दा महिला उम्मेदवारलाई जिताउनु केबल एक व्यक्तिलाई जिताउनु होइन, आधा जनसङ्ख्याको आवाज संसद्सम्म पुऱ्याउनु हो भन्ने चेतना मतदातासम्म पुग्न आवश्यक छ। महिलाको जनसङ्ख्या बढी भएर पनि राजनीतिक प्रतिनिधित्व कम हुनु लोकतन्त्रको गम्भीर विरोधाभास हो । महिला उम्मेदवार कम हुनु केवल महिलाको कमजोरी होइन, दल, राज्य संरचना र समाजको सामूहिक असफलता हो । *रासस*

# मेरो विकास सामाजिक ...........

प्रमुख धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने योजना रहेको बताए।

त्यसैगरी सहिद भूमि पुलिमराङ र पहाडकी रानीका रूपमा परिचित बन्दीपुरको पर्यटन प्रवर्द्धनमार्फत स्थानीयवासीको आर्थिक अवस्था सुधार गर्ने योजना पनि उनले अघि सारेका छन् । आगामी फागुन २१ गते हुने निर्वाचनमा आफ्नो पक्षमा मतदान गर्न आग्रह गर्दै भट्टराईले काम गर्ने र केवल कुरा गर्ने शक्तिबीचको भिन्नता छुट्याउन मतदातालाई अनुरोध गरे।

धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र विकास नै तनहुँको समृद्धिको आधार हुने उल्लेख गर्दै उहाँले व्यवहारिक विकासका लागि आफूलाई अमूल्य मत दिन अपिल गरे ।

**Bandipur Rural Municipality**
**Office of the Rural Municipal Executive**

## Bandipur Hospital

Bandipur-4, Tanahun, Gandaki Province, Nepal

## Letter of Intent

**(First Date of Publication: 27th Feb, 2026)**

This is to notify all concerned bidders that it is our intention to award the contract for various contract on www.bolpatra.gov.np/egp. as mentioned below of Bandipur Hospital, Bandipur Rural Municipality-4, Tanahun. The following are substantially response lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially responsive bid is selected in accordance with Instructions to bidders of Bidding documents and this notice is published as per Public Procurement Act, 2063' sub-clauses 27.2 & 27.3.

**Contract ID:** BH/NCB/MEDS/02/2082-83, **Issued on:** 12th Jan, 2026

**Contract Name:** The Procurement of Medicine for Bandipur Hospital 2082-83

| S.N. | Substantially Responsive Lowest Evaluated Bidders | Address | No of Items applied by bidders | No of items selected | Remarks |
|---|---|---|---|---|---|
| 1. | Himsagar Medical Hall Pvt. Ltd. | Pokhara | 392 | 31 | Item wise selection has been done. Same rates for a single item are enrolled in both bidders. |
| 2. | Sambuddha Medico Pvt. Ltd. | Bharatpur | 297 | 19 | |
| 3. | Pearl Meditech Pvt. Ltd. | Bharatpur | 430 | 122 | |
| 4. | Dhurba Tara Medilink Pvt. Ltd. | Pokhara | 660 | 279 | |
| 5. | Shreenath Medicine Distributors | Bharatpur | 105 | 18 | |
| 6. | Aagantuk Pharmacy | Bharatpur | 84 | 36 | |

**Contract ID:** BH/NCB/LABCHEMSURGICALS/03/2082-83, **Issued on:** 12th Jan, 2026

**Contract Name:** The Procurement of Lab chemical and related, Different Surgicals And Dental surgicals for Bandipur Hospital 2082-83

| S.N. | Substantially Responsive Lowest Evaluated Bidders | Address | No of Items applied by bidders | No of items selected | Remarks |
|---|---|---|---|---|---|
| **For Anusuchi 1: Lab Chemicals and Related** | | | | | |
| 1. | Techno Biomed Pvt. Ltd. | Kathmandu | 1 | 1 | Item wise selection has been done. Same rates for a single item are enrolled in both bidders. |
| 2. | Medplus Pharma Distributors | Bharatpur | 26 | 14 | |
| 3. | Aagantuk Pharmacy | Bharatpur | 37 | 25 | |
| **For Anusuchi 2: Different Surgicals** | | | | | |
| 1. | Medplus Pharma Distributors | Bharatpur | 98 | 10 | |
| 2. | Aagantuk Pharmacy | Bharatpur | 173 | 158 | |
| **For Anusuchi 3: Dental Surgicals** | | | | | |
| 1. | Medplus Pharma Distributors | Bharatpur | 116 | 97 | |

Detail list of selected items will be sent to concerned bidders' official email, and related information will be informed to contact no provided on Bid documents. For more info, please contact Bandipur Hospital Administration, Bandipur:04, Tanahun or contact on the official numbers provided on Bid Documents.

**Medical Superintendent**

**भिमाद नगरपालिका**
**भिमाद प्राथमिक स्वास्थ्य केन्द्र**
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

**भुल सुधार**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट **मिति २०८२ फागुन १४ गते**को भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ल्याव केमिकल खरिद कार्यका लागि योग्य व्यवसायी/सप्लार्यसहरूबाट रितपूर्वकको १५ दिने पुन विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचनाको **Date of Publication: 26th Feb 2026 A.D (2082/11/14 B.S)** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।

**कार्यालय प्रमुख**







**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**फागुन १६ गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९





**मतदाताको घरदैलोमा उम्मेदवार :** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेकपा एमालेका तर्फबाट तनहुँ-१ का उम्मेदवार भगवती न्यौपाने बिहीबार व्यास नगरपालिका-९ कात्तिकेचौरमा घरदैलो गर्दै । निर्वाचनका उम्मेदवारहरू अहिले मतदाताको घरदैलोमा पुगेर आफ्ना चुनावी एजेण्डा, प्रतिवद्धताका विषयमा जानकारी गराउँदै आ-आफ्नो पक्षमा मतदान गर्न आग्रह गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# फागुन २० गतेदेखि मतदान सम्पन्न नहुँदासम्म सवारीसाधन चलाउन नपाइने

**रासस**/काठमाडौं

निर्वाचन आयोगले फागुन २० गते राति १२:०० बजेदेखि मतदान सम्पन्न नहुँदासम्म सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाइने जनाएको छ । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने सम्बन्धमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शवबाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने), कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

मतदानको मितिभन्दा सातदिन अघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ बिक्रीवितरण तथा सेवन गर्न मुलुकभर प्रतिबन्ध लगाउन गृहमन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको छ। बैठकबाट निर्वाचन सुरक्षाका लागि ७७ वटै जिल्लामा मादकपदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबद्ध लगाउने निर्णय गरिएको हो । जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्यहरु हुन नदिने र कहीँकतै भए/गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन पनि गृहमन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा योजनाको समीक्षा, सुरक्षा वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिसका आधारमा निर्वाचनलाई स्वच्छ, विश्वसनीय तथा भयरहित वातावरणमा सम्पन्न गर्न मन्त्रालयलाई लेखी पठाउने निर्णय भएको हो । यसका लागि फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुने निर्वाचन प्रचारप्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृहमन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिइएको छ ।

उहाँका अनुसार मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडानहरु यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ । अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलबाट घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलबाट विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाइएको छ ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरूसहित सोही दफाको खण्ड (फ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तरराष्ट्रिय सीमानाका बन्द गर्ने व्यवस्था मिलाउन पनि आयोगले गृहमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र लेखी पठाएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमति पत्र लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरिएकाले सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जाने मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउनेबारे मतदानमा खटिने सुरक्षाकर्मी, कर्मचारी र सरोकार भएका सबैलाई सूचना सम्प्रेषण गर्न पनि निर्देशन दिइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो। आयोगले जारी गरेको सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ बमोजिम मतदानको दिनमा आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण इकाई खडा गरिने छ । सो इकाईमा आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट दुई जना कर्मचारी तोकिएको छ । निर्णयअनुसार आवश्यक सहजीकरण र समन्वयका लागि सम्पूर्ण सरोकार भएकाहरूमा आयोगले आग्रहसमेत गरेको छ ।


## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु ।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाव गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter



**Narayan Amrit**
x.com/amritna

चुनावका बेला नेताहरू दवावमा रहन्छन्। भाषणहरूमा केही नोकझोक र आक्रोश अभिव्यक्त हुनु स्वभाविक हो। एक अर्कालाई व्यङ्ग्यवाण पनि प्राकृतिक नै मानौं। तर नेताहरूले जनतालाई अपमान गर्ने हक राख्दैनन्।
केही दिनदेखि मैले नेताहरूको भाषण पछ्याइरहेको छु । रास्वपा अध्यक्ष रवि लामिछानेको भाषणमा आक्रोश स्वभाविक होला, जव कि उनी आफूलाई 'फसाएर जेल पारिएको र अन्याय भएको' तर्क गरिरहन्छन् तर उनले जनतालाई 'मासुभात खाऊ तर मत हामीलाई देउ' भनेर जसरी भनिरहेका छन्, यसले सिधाका सिधा जनताको विवेक, अस्तित्व र आत्मामा प्रहार गर्छ। जनताको स्वयं अस्तित्वको अपमान गर्छ। पुराना दलले उनीप्रति केही अन्याय गरेको भए त्यो अनुभूतिलाई राजनीतिक रूपमा र राजनीतिक भाषामा प्रतिकार गर्नु श्रेयकर होला तर जनतालाई विवेकशून्य देखाएर मासुभाते प्रचलनको स्तरमा राख्नु साह्रै अराजनीतिक र स्तरहीन अभिव्यक्ति हो। यसले रविको राजनीतिक स्तरीयता दर्शाउँदैन ।



**Biddhut Lamichhane**
x.com/TheBiddhut

संसदभित्र निरन्तर जनताको आवाज बुलन्द गर्ने र पार्टीभित्र सुधारका लागि अनवरत संघर्ष गर्ने उही पात्र आज पनि सहज मोडमा छैन। एकातिर पार्टीभित्रका यथास्थितिवादीको तारो बनेका छन् भने, अर्कोतिर बेथिति र दलालीविरूद्ध उर्भिंदा अवसरवादी झुण्डको गाली र प्रहार सहिरहेका छन्। तर, उनले आफ्नो सम्पूर्ण राजनीतिक भविष्य दाउमा राखेर कांग्रेसको पुनर्संरचना र देश विकासको स्पष्ट खाकासहित अघि बढ्ने आँट गरेका छन्। अब आवेगमा बहकिने कि विवेक प्रयोग गर्ने? त्यो फैसला नेपाली जनताको हातमा छ ।

# तनहुँमा मदिरा बिक्री-वितरण र सेवन निषेध

**भञ्ज्याङ समाचारदाता**/दमौली

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै तनहुँ जिल्लाभर मदिराको बिक्री-वितरण तथा सेवन निषेध गरिएको छ। जिल्ला प्रशासन कार्यालय तनहुँ ले बिहीबार सूचना जारी गर्दै फागुन १५ गतेदेखि फागुन २१ गतेसम्म मदिराको बिक्री-वितरण र सेवन पूर्ण रूपमा निषेध गरिएको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीद्वारा जारी सूचनामा २०८२ साल फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले यस्तो निर्णय गरिएको उल्लेख छ। सूचनाअनुसार उक्त अवधिमा तनहुँ जिल्लाभर मदिरा बिक्री, वितरण तथा सेवन गर्न नपाइने व्यवस्था गरिएको छ। आदेशको उल्लङ्घन गरी मदिरा बिक्री-वितरण वा सेवन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिइएको छ। साथै सुरक्षा निकायबाट आदेशको कडाइका साथ अनुगमन गरिने जनाइएको छ।

निर्वाचन अवधिमा सार्वजनिक शान्ति, सुरक्षा तथा सामाजिक सद्भाव कायम राख्न चालिएको यस कदममा जिल्लास्थित होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज तथा सर्वसाधारणबाट पूर्ण सहयोगको अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताए ।

# अझै प्रश्न ............

नकारात्मक भिडियो सामग्रीहरूको नियन्त्रण गर्न र सोको बारेमा यथार्थपरक जानकारी प्रदान गर्न आयोगले के कस्ता उपाय अपनाएको छ ?' भन्ने जिज्ञाशामा आयोगले भनेको छ, "सामाजिक सञ्जाल र आमसञ्चारका साधनमा प्रकाशित हानिकारक सामग्रीको निगरानी तथा विश्लेषण गर्न आयोगमा विज्ञ जनशक्तिसहित आयोगमा सूचना सदाचार प्रवर्द्धन गठित इकाईले आमसञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशन प्रसारण हुने विभिन्न सामग्रीको विश्लेषण गरी नियन्त्रणको प्रस्ताव गर्दछ । यही तथ्यगत विश्लेषणको आधारमा आयोगले आवश्यक कानुनी कारबाहीको लागि सम्बन्धित निकायलाई निर्देशन दिइरहेको छ।"

आयोगका सहप्रवक्ता जिसीका अनुसार निर्वाचनको सम्बन्धमा यथार्थपरक जानकारी दिन र सामाजिक सञ्जालमा प्रवाह हुने तथ्यहीन एवं भ्रामक सूचनाबाट मतदातामा भ्रम सिर्जना हुन नदिन आयोगले सामाजिक सञ्जाल र अन्य सञ्चार माध्यमबाट मतदाता शिक्षासँग सम्बन्धित सामग्री निरन्तर प्रकाशन प्रसारण गरिरहेको छ । यसका साथै नियमित रूपमा प्रत्येक हप्ता पत्रकार सम्मेलन आयोजना गर्ने, समय समयमा विज्ञप्ति जारी गर्ने, आयोगका पदाधिकारी तथा कर्मचारीका अन्तर्वार्ता र मन्तव्य प्रकाशन प्रसारण गर्ने जस्ता कार्यबाट सामयिक सवालमा स्पष्टता कायम गर्ने कार्य गरिँदै आएको छ। नियमित गतिविधि तथा जानकारीका लागि नियमित ई-बुलेटिन पनि सम्प्रेषण गर्दै आएको छ । *रासस*

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४